बैजनाथ गाउँपालिका
Baijanath Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural-Municipal Executive
रामपुर, बाँके
(Rampur, Banke)

लुम्बिनी प्रदेश, नेपाल
(Lumbini Province, Nepal)

आ.व.( Fiscal year ):- ०७८/७९
च.नं.(Reference no.) :-

## परामर्शकर्ता आवश्यकता सम्बन्धि सूचना ।

(दोश्रो पटक सूचना प्रकाशित मिति २०७८/१२/०३ गते)

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने उद्धेश्य अनुसार यस बैजनाथ गाउँपालिका र अपाङ्गता सशक्तीकरण एबम् संचार केन्द्र (डेक नेपाल), बाँके बीच साझेदारीमा मिति २०७८/९/२२ गते भएको सम्झौता अनुसार अपाङ्गता परामर्श कक्ष स्थापना र संचालनको लागि **(अपाङ्गता परामर्शकर्ता )** करार पदपूर्तिको लागि प्रथम पटक मिति २०७८/१०/१८ गते प्रकाशित सूचनामा उल्लेखित योग्यता अनुसार दरखास्त दिने उम्मेदवारहरुको आवश्यक योग्यता नपुगेकोले यस कार्यालयको मिति २०७८/१२/०२ गतेको निर्णय अनुसार तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दोश्रो पटक आवेदन माग गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्बक आवेदन भरी पेश गर्नुहुन सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | बिज्ञापन नं | पद | तह/श्रेणी | सेवा/समुह | माग पद संख्या | करार अवधि |
|---|---|---|---|---|---|---|
| १. | १/२०७८/७९ | अपाङ्गता परामर्शकर्ता | सहायक चौथो | करार | १ | २०२२ डिसेम्बर |

१. **आबश्यक न्युनतम शैक्षीक योग्यताः** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

२. **उम्मेद्वारको उमेरः** दरखास्त बुझाउने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने छ । महिलाको हकमा ४० बर्ष ननाघेको ।

३. **पारिश्रमिक तथा सेवा सुबिधा :** नेपाल सरकारले सहायक चौथो तहको लागि तोकेको न्युनतम सेवा सुबिधा अनुसार हुने ।

४. **परामर्शकर्ता पदको लागि आवश्यक कागजात :**

(क). नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
(ख). न्युनतम शैक्षीक योग्यताको प्रमाणपत्र प्रतिलिपी,
(ग). आधारभूत पुनर्स्थापनाथेरापी सेवा तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी,
(घ). आधारभूत सांकेतिक भाषा तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी,
(ङ). अपाङ्गता समाबेशी विकास सम्बन्धि कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपी,
(च). मानसिक स्वास्थ्य तथा मनोविमर्श तालिमको प्रमाणपत्र पतिलिपी,
(छ). पासपोर्ट साईजको ३ प्रति फोटो ( हालसालै खिचेको),
(ज). अपाङ्गता भएको व्यक्तिलाई सहयोग गर्न शारीरिक रुपमा सक्षम भएको र अपाङ्गता भएको व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

५. **आबेदन शुल्क :** रु ३००|- (तिन सय रुपैया मात्र) ।

६. **आबेदन दिने अन्तिम मितिः** २०७८/१२/०९ गते सम्म । सो दिन बिदा पर्न गएमा कार्यालय खुलेको दिन ।

७. **छनौटको किसिमः** बैजनाथ गाउँपालिकाको करारमा प्राबिधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम-
(क). सर्टलिष्ट र अन्तरबार्ता ।

८. **दरखास्त फारम बुझाउने समय र स्थानः** बैजनाथ गाउँपालिकाको कार्यालयमा, कार्यालय समय भित्र बुझाउन सकिने छ ।

नोटः थप जानकारी आवश्यक परेमा सम्पर्क ब्यक्ति; तसराज आचार्य, सम्पर्क नं ९८५८०२४२५१ लाई सम्पर्क गरी जानकारी लिन सक्नु हुने छ ।

२०७८/१२/०२
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत